"सहभागिता, पारदर्शिता र जवाफदेहीताका लागि"

जिल्ला बिकास समिति उदयपुरको आयोजनामा सुशासनका हिमायति जिक्यू उदयपुरको सहजिकरणमा संचालन भएको जिल्ला बिकास समिति उदयपुरको **आ.ब.०७२/०७३ को पहिलो चौमासिक** अवधिको

# सार्वजनिक सुनुवाई कार्यक्रम

मिति २०७२/०७/२० मा



**संचालन/सहजिकरण:** **आयोजक:**

**सुशासनका हिमायति (जीक्यू)उदयपुर** **जिल्ला विकास समिति उदयपुर**

जिल्ला विकास समितिको आयोजनामा सुशासनका हिमायति (जीक्यू) उदयपुर को सहजिकरणमा जिविस उदयपुरको आ.ब.०७२/७३ को पहिलो चौमासिक अवधिको सम्पन्न

## सार्वजनिक सुनुवाई कार्यक्रमको प्रगति प्रतिवेदन

२०७२/०७/२०

**पृष्ठभुमि :**

स्थानीय निकाय र नागरिकहरुका बीचमा दोहोरो सम्वाद स्थापित गर्न र त्यस्तो सम्वादबाट जनतालाई विकासको प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराई पारदर्शिताको माध्यमद्वारा स्थानीय निकायको विकास निर्माण कार्य र सेवाप्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाई जिम्मेवारीको संस्कार बसाउन जिल्ला विकास समितिको न्यूनतम शर्त तथा कार्यसम्पादन मापन कार्यविधि जारी गरिएको छ । उक्त कार्यविधि अनुसार कार्यसम्पादन मापन कार्यक्षेत्र समुह नं.४ अनुगम,मुल्याङ्कन,संचार र पारदर्शिता सुचक नं.२८ पुरा गर्न,जिबिसले **सार्वजनिक सुनुवाई** गर्नु पर्ने हुन्छ ।

**सार्वजनिक सुनुवाई** कार्यलाई व्यवस्थित गर्न स्थानीय निकाय सार्वजनिक सुनुवाइ कार्यविधि, २०६७ तर्जुमा गरिएको छ । उक्त कार्यविधि अनुसार जिविसले प्रत्येक चौमासिकमा १ पटक पर्ने गरि **सार्वजनिक सुनुवाई** गर्नु पर्ने हुन्छ । सार्वजनिक सुनुवाइ कार्यविधि, २०६७ अनुसार स्थानीय निकायले सार्वजनिक सुनुवाइको बहसलाई विषय केन्द्रित गराउन **एक जना सार्वजनिक सुनुवाई सहजकर्ताको** व्यवस्था गर्नुपर्नेछ । जिबिस उदयपुरले सोहि अनुरुप सुशासनका हिमायति जीक्यू उदयपुरको सहजिकरणमा आर्थिक वर्ष ०७२/७३ को पहिलो चौमासिक अवधिको सार्वजनिक सनुवाई कार्यक्रम २०७२/०७/२० गतेका दिन जिबिसको सभाहलमा संचालन गरि सम्पन्न गरेको छ । सुशासनका हिमायति उदयपुरले सम्पन्न उक्त सार्वजनिक सुनुवाई कार्यक्रमको निम्न अनुसार प्रतिवेदन तयार गरि जिविसमा पेस गरेको ब्यहोरा अनुरोध छ ।

**सार्वजनिक सुनुवाइको उद्देश्य :**

१ जल्लिा विकास समिति बाट संचालित विकास कार्यक्रम, उपलब्ध सेवा, वस्तु र सुविधा आदिको वारेमा सन्तुष्टि वा असन्तुष्टि जानाउने ।
२ सार्वजनिक थलोमा सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने ।
३ नागरिकवाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्ने तथा जिम्मेवार संस्कार बसाउने ।
४ न्यूनतम शर्त तथा कार्य सम्पादन मापनका सुचक पुरा गर्ने ।
५ सुशासन संस्कारको बिकास गर्ने ।

**कायक्रमको संक्षिप्त जानकारी :**

**सार्वजनिक सुनुवाइ संयोजन गर्ने** : सुशासनका हिमायति त्रियुगा नगरपालिका २ गाईघाट उदयपुर
**सुनुवाई गरिएका विषयवस्तुहरुः**
संचालित विकास कार्यक्रम उपलब्ध सेवा, वस्तु र सुविधा आदिको वारेमा सन्तुष्टि असन्तुष्टि जे छ खुल्ला राख्ने ।
सेवाको नियमितता र सेवाको गुणस्तर कस्तो छ ।
सेवाप्रतिको जनविश्वास,सेवा सम्बन्धी जानकारीको अवस्था कस्तो छ ।
नगरिक बडापत्र,उजुरी पेटिका,गुनासो रजिष्टर र गुनासो सुन्ने अधिकारीको व्यवस्था कस्तो छ ।
सिफारिस,पूर्वाधार तथा सरसफाई,आफ्नो अनुभव र पारदर्शिता सम्बन्धी अवस्था कस्तो छ ।
हाका-हाकी प्रश्न उत्तर तथा छलफल भएको थियो ।

**कार्यक्रम आयोजना स्थल :–** जि बि स उदयपुरको सभाहल

**कार्यक्रम आयोजना गरिएका मिति र समय** : २०७२ कार्तिक २० गते दिनको ११ वजे

**कार्यक्रम सञ्चालन गरिएको समयावधि (घण्टा/मिनेटमा)** २.३०- दुई घण्टा तिस मिनेट

**उपलब्धिहरु :**

जिबिस उदयपुरको सामाजिक जिम्मेवारी प्रचलित ऐन, नियमावली, निर्देशिका र कार्यविधि अनुसार समावेशी र समतामुलक विकासका लागि उपयुक्त नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने साथै लक्षित समुहलाई ध्यान दिई सेवा प्रवाह गर्ने जिबिसको सामाजिक दायित्वमा टेवा पुगुको छ ।

**कार्यविधि र प्रकृया :**

१. सार्वजनिक सुनुवाईको पुर्व तयारी (अधिकारीहरुसंग सम्पर्क,सहभागिहरुको चयन,मिति समय र स्थान को छनौट तथा सन्दर्भ सामग्री अध्ययन र समिक्षा)गर्ने,

२ सार्वजनिक सेवा प्रवाह,नागरिक प्रतिवेदन पत्र र बहिर्गमन अभिमत सम्वन्धी प्रतिवेदन तयार गर्ने

३ सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्ने

४ जिबिसलाई प्रतिवेदन बुझाउने

**सहभागिहरु** : तपसिल अनुसारको क्षेत्रवाट प्रतिनिधित्व भएको यस सार्वजनिक सुनुवाईमा ९२ जनाको सहभागिता रहेको थियो ।

प्रमुख जिल्ला अधिकारी,स्थानिय बिकास अधिकारी अन्य जिल्ला स्थित बिषयगत कार्यालयका प्रमुख तथा प्रतिनिधिहरु ।

स्थानिय सेवा प्रदायक संस्थाहरु,उपभोक्ता समितिका प्रमुख तथा प्रतिनिधिहरु र आम उपभोक्ताहरु
नागरिक समाजका प्रतिनिधिहरु,राजनितिक दलका प्रमुख तथा प्रतिनिधिहरु
सरोकार राख्ने नागरिकहरु,पेशा तथा व्यवसायिहरु
संचारकर्मिहरु,एकिकृत योजनातर्जुमा समितिका सदस्यहरु
लक्षित बर्ग समुदायका प्रतिनिधिहरु,वडा नागरि मंच,टोल बिकास संस्था,सामाजिक परिचालकहरु

**प्रतिवद्धता :**
१ सरोकारवाला सर्वसाधारण नागरिक र अधिकारमा वसेका स्थानीय निकायका पदाधिकारीहरु वीच सार्वजनिक चासोको विषयमा सार्वजनिक थलोमा खुला छलफल गर्ने प्रक्रिया प्रति जिबिस प्रतिवद्ध छ । यस कार्यक्रममा उठेका सवाल,गुनासा र प्रतिक्रिया तथा सल्लाह सुझाव ग्रहण गर्दै कार्यान्वयनको प्रतिवद्धता ब्यक्त गर्दछ र आगमि दिनमा प्रत्येक चौमासिकमा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्ने समेत प्रतिवद्धता ब्यक्त गर्दछ ।

२ सर्वसाधारणको गुनासो पीर मर्का सुन्ने र तत्सम्वन्धी विषयलाई जिम्मेवार अधिकारी समक्ष पुऱ्याउने कामका लागि गुनासो सुन्ने केन्द्र वा ईकाइ खडा गर्ने वा पदाधिकारी तोक्ने सम्बन्धमा यस सार्वजनिक सुनुवाई मार्फत सबै सरोकारवालाहरुको प्रतिवद्धता रहेको छ ।

३ बिषयगत कार्यालय,गाविस र न.पाहरुको सार्वजनिक सुनुवाइ अनिवार्य गर्ने कार्यलाई उत्प्रेरणा तथा सहजिकरण गर्ने स्थानीय बिकास अधिकारीको प्रतिवद्धता भएको थियो ।

४ संचालित विकास कार्यक्रम उपलब्ध सेवा, वस्तु र सुविधा आदिको वारेमा सन्तुष्टि असन्तुष्टि,सेवाको नियमितता र सेवाको गुणस्तर,सेवाप्रतिको जनविश्वास,सेवा सम्बन्धी जानकारीको अवस्था,नगरिक बडापत्र,उजुरी पेटिका,गुनासो रजिष्टर र गुनासो सुन्ने अधिकारीको व्यवस्था र सिफारिस,पूर्वाधार तथा सरसफाई,आफ्नो अनुभव र पारदर्शिता सम्बन्धी सन्तुष्टि असन्तुष्टिको वारेमा नागरिक प्रतिवेदन र बहिर्गमन अभिमतको समिक्षा गर्ने र सन्तुष्टिलाई अझ बढावा दिने र असन्तुष्टिलाइ कम गर्दै लैजाने प्रतिवद्धता भएको थियो ।

५ सार्वजनिक सुनुवाई सफलता पुर्बक सम्पन्न भएको ठहर प्रमुख अतिथि,अतिथि,सहभागि,आयोजक र सहजिकरण गर्ने संस्थाको रहेको थियो ।

सार्वजनिक सुनुवाई कार्यक्रम हलको एक दृश्य






Source: Computer
(Auto)
No Signal
To display Help, press the button


सार्वजनिक सुनुवाई कार्यक्रम
Supported by DACAW 20
Supported by DACAW 35
Supported by DACAW 1






सार्वजनिक सुनुवाई कार्यक्रम
Supported by DACAW 49
Supported by DACAW 28
Supported by DACAW 27
Supported by DACAW 4






Source: Computer
(Auto)
No Signal
To display Help, press the button


जिल्ला विकास समिति उदयपुरको
सार्वजनिक सुनुवाई कार्यक्रम





